आज मिति २०७६ साल जेष्ठ महिनाको ५ गते आइतवारका दिन बिहान ठिक ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्युको अध्यक्ष्यतामा बसी तपशिल बमोजिमका प्रस्तवहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग,नगर प्रमुख, सदस्य (नगर कार्यपालिका)
श्री सबिता रसाईली, नगर उपप्रमुख, सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री राम कुमा श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)
श्री शिव कुमा श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य(नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ,सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य(नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य(नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य( नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य(नगर कार्यपालिका)
श्री खिम वहादुर कुमाल, सदस्य(नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य(नगर कार्यपालिका
श्री देव वहादुर अधिकारी,प्र.प्र. अधिकृत एवम सचिव(नगर कार्यपालिका)

प्रमुख

Scanned by CamScanner

निर्णय नं. १

आगामी आ.व. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम तय गर्ने सन्दर्भमा नगरसभा पुर्वतयारी एवम संचालनका निम्ती देहायका मिति,समयमा तपशीलका समीति हरुको बैठक तथा वडास्तरीय भेला गरिने र उक्त वडास्तरीय भेलामा संभव भएसम्म सम्बन्धित विषयका कर्मचारीलाइ समेत सहभागी गराउने गरी कार्यतालिका तय गर्ने निर्णय गरियो ।

तपशील :

| क्र.स | बैठक | मिति | समय |
|---|---|---|---|
| १ | राजस्व परामर्श समीति | २०७६ जेष्ठ १२ | विहान ठिक ८:००बजे |
| २ | सोत अनुमान तथा बजेट निर्धारण समीति | २०७६ जेष्ठ १४ | विहान ठिक ८: ०० बजे |
| ३ | वोर्ड बैठक | २०७६ जेष्ठ १५ | विहान ११:०० बजे |
| ४ | वडास्तरीय भेला | | |
| | शु.न.पा. वडा नं ४ | २०७६ ज्येष्ठ १६ | नगरप्रमुख,उपप्रमुख समेतको उपस्थितिमा वडा भेला गर्ने । |
| | शु.न.पा.वडा न. ५ | २०७६ ज्येष्ठ १७ | |
| | शु.न.पा. वडा न. २ | २०७६ ज्येष्ठ १८ | |
| | शु.न.पा. वडा न.३ | २०७६ ज्येष्ठ १९ | |
| | शु.न.पा. वडा न.६ | २०७६ ज्येष्ठ २० | |
| | शु.न.पा. वडा न.७ | २०७६ ज्येष्ठ २१ | |
| | शु.न.पा. वडा न ८ | २०७६ ज्येष्ठ२२ | |
| | शु.न.पा. वडा न ९ | २०७६ ज्येष्ठ २३ | |
| | शु.न.पा. वडा न १० | २०७६ ज्येष्ठ २४ | |
| | शु.न.पा. वडा न ११ | २०७६ ज्येष्ठ २५ | |
| | शु.न.पा. वडा न १२ | २०७६ ज्येष्ठ २६ | |
| | शु.न.पा. वडा न १ | २०७६ ज्येष्ठ २७ | |
| ५ | विषयगत समिति | २०७६ असार १ गते सम्म | |
| ६ | वजेट तथा कार्यक्रम तर्जुमा | २०७६ असार ३ | विहान ठिक ११ बजे |
| ७ | कार्यपालिका | २०७६ असार ५ | |
| ८ | नीति तथा बजेट प्रस्तुत | २०७६ असार ९ | |
| ९ | नगरसभा बैठक(बन्द शत्र) | २०७६ असार २३ | |

Scanned by CamScanner

निर्णय नं. २

नेपाल सरकारद्वारा चालु आ.व. २०७५।७६ का लागि सशर्त बजेटमा विनियोजित बैकल्पिक उर्जाको रकमलाइ देहायबमोजिम कार्यान्वयन गर्ने।

(क) वायोग्यासको लागि विनियोजित रकम रु १२ लाख ६० हजारमध्ये रु ५ लाख वायोग्यासममा निम्नानुसार खर्च गर्ने :

(१) शौचालयजडित बढीमा ६ घ. मि. का वायोग्यास प्लान्ट निर्माण गर्ने उपभोक्तालाइ रु २० हजारका दरले अनुदान दिने।

(२) वायोग्यास निर्माण गर्ने कम्पनीले निर्माण गरेको आवश्यक कागजात र सम्बन्धित वडाको सिफारिसमा मात्र भुक्तानी दिने ।

(ख) बैकल्पिक उर्जाका लागि विनियोजित अन्य रकम समेत गरी जम्मा रु १८ लाख २८ हजारबाट निम्न स्थानमा सोलार बत्ती जडान गर्ने :

(१) यस न. पा. का १२ वटै वडा कार्यालय रहेका स्थानमा १।१ वटा ।

(२) वडा नं. ९ स्थित गौसंरक्षण क्षेत्रमा ४ वटा,

(३) सम्बन्धित वडा कार्यालय र गौसंरक्षण समितिले उपभोक्ता समितिमार्फत सौर्यवत्ती जडान गरी भुक्तानी माग गर्ने ।

।

निर्णय नं. ३

प्रदेश साझेदारी अन्तर्गतका तिनखोले मन्दिर परिसरमा निर्माण गर्न लागिएको सार्वजनिक शौचालय र शहिद पार्क निर्माणको लागि साझेदारी रकम रु ६,७५,२१८।-आन्तरिक आयबाट बेहोर्ने गरी रकम विनियोजन गर्ने ।

Scanned by CamScanner

निर्णय नं. ४

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न.८५६ मिति २०७६।०१।२६ को पत्रानुसार यस नगरपालिका तथा प्रदेश सरकारसँगको सहलगानीमा निर्माण गर्न देहायबमोजिमका ५ वटा आयोजनाहरु छनौट तथा प्राथमीकरण गरी प्रदेश मन्त्रालयमा पठाउने ।

तपशील :

| क.स | आयोजनाको नाम | आयोजना निर्माणस्थल | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला संकलन केन्द | शु.न.पा वडा न ५ | विस्तृत सर्भे डिजाइनको कार्य भइरहेको |
| २ | कुम्लेखोला पुल | शु.न.पा वडा न ६ | |
| ३ | गुवेखोला पुल | शु.न.पा वडा न १ र २ | |
| ४ | सुरौदीखोला पुल | शु.न.पा वडा न ९ | |
| ५ | वसपार्क निर्माण | शु.न.पा वडा न ४ | |

निर्णय नं. ५

प्राकृतिक प्रकोप व्यवस्थापन कोषमा रु १० लाख आन्तरिक आयबाट विनियोजना गरी निम्नानुसार प्रकोप पीडितलाइ आर्थिक सहयोग गर्ने ।

नगरपालिका भित्रका प्राकृतिक प्रकोप(आगजानी,हावाहुरी,बाढीपहिरो आदि) ले वसोवास गरिरहेको घर भत्काएको वा वस्न योग्य नभएमा प्रहरी मुचुल्का र सम्बन्धित वडाको सिफारिसमा रु १० हजारसम्म आर्थिक सहयोग गर्ने ।

निर्णय नं. ६

यस नगरपालिकाभित्रका स्वास्थ्य चौकी नभएका तपशिलका वडाहरुमा नेपाल सरकारबाट विनियोजित रकमबाट आधारभुत स्वास्थ्य केन्द्रको निम्न स्थानमा भवन निमाण गर्ने ।

Scanned by CamScanner

प्रमुख

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुलेगौंडा, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

तपशील :

१. शु.न.पा.,वडा नं. २ को एक्लेखेत

२. शु.न.पा.,वडा नं. ५ को थर्पुटार

३. शु.न.पा.,वडा नं. ६ को बयाम व्यागन देउराली

४. शु.न.पा.,वडा नं.७ को जन्जिरे,कि.न. ११७५क

५ शु.न.पा.,वडा नं. ८ कृषि सेवा केन्द्र,ढोरफिर्दी

६. शु.न.पा.,वडा नं. ९ शान्तिटोल वाराही खोला,कि.न. १ घ ३१८

**निर्णय नं. ७**

यस नगरपालिकाको चालु आ. ब. को आन्तरिक आय र गत आ.ब. को अ.ल्या. रकमबाट तपशील बमोजिमका योजना कार्यक्रमकालागि देहायबमोजिमको रकम विनीयोजन गर्ने ।

क) शु.न.पा. वडा नं. १२ स्थित लामागाउ मोटरमार्ग स्तरोन्नतीका लागि अपुग रकम रु ५ लाख ।

ख) शु.न.पा. वडा नं. २ स्थित सार्वजनिक शौचालय मर्मत तथा पानी व्यवस्थापनको लागि आवश्यक रकम रु ७५०००।

ग) शु.न.पा. वडा नं. ८ स्थित संगमटोल दलित सामुदायिक भवन निर्माणको निम्ति आवश्यक रकम रु ३ लाख ।

घ) शु.न.पा. वडा नं. ५ स्थित पशु सेवा शाखाको मागबमोजिम फर्निचर, पर्दा तथा खानेपानी व्यवस्थापनको लागि आवश्यक रकम ।

ङ) शु.न.पा. वडा नं. ८ स्थित कृषि सेवा केन्द्रलाई खानेपानी व्यवस्थापनको लागि आवश्यक रकम ।

च) आगामी ज्येष्ठ १८ र १९ मा आयोजित गरिने लागु औषध नियन्त्रण तथा रोकथाम सम्बन्धी जनचेतनामुलक कार्यक्रमको लागि आवश्यक रकम उपलब्ध गराउने ।

प्रमुख

Scanned by CamScanner

प्रमुख

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ८

शु.न.पा. वडा नं. २ स्थित श्री हंसवाहिनी माध्यामिक विद्यालयमा २०७६ साल ज्येष्ठ ८,९ र १० गते आयोजना गर्न लागिएको राष्टपति रनिङसील खेलकुद प्रतियोगिताका लागि शसर्तमा रु १ लाख विनीयोजन भएकोमा ग्राउण्ड मर्मत, पुरस्कार वितरण, मञ्च व्यवस्थापन तथा खेलकुद कार्यक्रम सञ्चालन गर्नको निम्ति रकम अपुग हुने देखिएकोले सो व्यवस्थापनको निम्ति रु ५ लाख आन्तरिक आयबाट बेहोर्ने गरी थप रकम विनीयोजन गर्ने ।

निर्णय नं. ९

यस नगरपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयहरुको व्यवस्थापन समिति आ.व. २०७५।७६ को असार मसान्तसम्म विघटन गरी यस नगरपालिकाबाट जारी गरिएको शुक्लागण्डकी नगर शिक्षा ऐन,२०७५ को दफा १२ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्ने ।

प्रमुख

प्रमाणित

२०७६।२।५

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner